# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः २२ मितिः२०८२/०९/२९

भाग-२

बर्दिवास नगरपालिका


## निष्कृय सहकारी संस्था घोषणा कार्यविधि,२०८२

**प्रस्तावनाः**बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन गरी लामो समयदेखि निष्कृय रहेका सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले बर्दिवास नगरपालिकाको सहकारी ऐन,२०७५ को दफा १०२(ख)बमोजिम यो कार्यविधि तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम निष्कृय सहकारी घोषणा कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) ऐन भन्नाले बर्दिवास नगरपालिकाको सहकारीऐन, २०७५ तथा संघ र मधेश प्रदेशको सहकारी ऐनलाई सम्झनु पर्दछ।

ख) नियमावली भन्नाले बर्दिवास नगरपालिकाको सहकारी नियमावली,२०८२ तथा संघ र मधेशप्रदेशकोसहकारीनियमावलीलाईसम्झनुपर्दछ।

ग) सहकारी अधिकृत भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त सहकारी अधिकृतलाईसम्झनुपर्दछ।

घ) नगरपालिका भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ।

ङ) संस्था भन्नाले बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ।

च) निष्कृय संस्था भन्नाले कम्तीमा दुई आर्थिक वर्षसम्म साधारण सभा नगरेको, लेखापरीक्षण नगरेको, कारोबार नगरेको तथा कानुनी दायित्व पुरा नगरेको संस्था बुझ्नु पर्दछ।

<u>३. निष्कृय मानिने आधारहरुः</u> देहायको कुनै एक वा बढी अवस्था भएमा संस्थालाई निष्कृय मान्न सकिनेछः

क) लगातार दुई आर्थिक वर्षसम्म वार्षिक साधारण सभा नगरेको,

ख) लगातार दुई आर्थिक वर्षसम्म लेखापरीक्षण नगरेको,

ग) मासिक वा वार्षिक प्रगति विवरणहरु नगरपालिकामा पेश नगरेको,

घ) संस्थाको वित्तीय कारोबार शुन्य वा नगण्य भएको,

ङ) कार्यालय बन्द रहेको वा नगरपालिकाको सम्पर्कमा नरहेको,

च) नगरपालिकाको निर्देशन पालना नगरेको।

<u>४. प्रारम्भिक सूचि तयारीः</u> (१) सहकारी हेर्ने शाखाले नगरपालिकाको क्षेत्रिधिकार भित्र पर्ने सहकारी संस्थाहरुको प्रारम्भिक सूचि तयार गर्नुपर्नेछ।

(२) नगरपालिकामा प्राप्त विवरण तथा अभिलेखको आधारमा निष्कृय र सक्रिय अवस्थामा रहेका सहकारी संस्थाहरुको प्रारम्भिक विवरण तयार गर्नुपर्नेछ।

<u>५. सूचना प्रकाशनः</u> (१) नगरपालिकाले दफा (४) को उपदफा २ बमोजिमको निष्कृय अवस्थामा रहेका सहकारी संस्थाहरुलाई देहायको विवरण सहित नगरपालिकाको सम्पर्कमा आउन २१ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

क) संस्था दर्ताको प्रमाणपत्र,

ख) प्यान दर्ताको प्रमाणपत्र,

ग) पछिल्लो दुई आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

घ) पछिल्लो दुई आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

ङ) विनियमको एक प्रति

च) सञ्चालक समितिको विवरण (सम्पर्क नम्बर सहित)
छ) कर्मचारीको विवरण (सम्पर्क नम्बर सहित)
ज) पछिल्लो साधारणसभाको जानकारी
झ) पछिल्लो निर्वाचनको जानकारी।
ञ) संस्थाको आधिकारीक इमेल।

(२) उपदफा (१) बमोजिमको सूचना नगरपालिकाको वेवसाइट र वडा कार्यालयहरु मार्फत जानकारी गराउनु पर्नेछ।
(३) यस दफा बमोजिमको समयमा कुनै कागजातहरु पेश गर्न सञ्चालक समितिको प्रतिबद्धता सहित थप समय माग भएमा बढीमा एक महिनाको समय थप गरिदिन सकिनेछ।

<u>६. निष्कृय घोषणाः</u>(१) दफा (५) बमोजिम तोकिएको म्यादभित्र तोकिएको कागजातहरु सहित नगरपालिकाको सम्पर्कमा नआएका सहकारी संस्थाहरुलाई कार्यापालिकाले निष्कृय सहकारी संस्था घोषणा गर्न सक्नेछ।
(२) निष्कृय घोषणा गरिएका सहकारी संस्थाहरुको विवरण नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ।
(३) निष्कृय घोषणा गरेको आधारमै सहकारी संस्था कुनै दायित्वबाट मुक्त हुने छैन।
(४) यस दफा बमोजिम चित्त नबुझि कुनै सहकारी संस्थालेउपदफा (२) बमोजिम सूचना सार्वजनिक भएको मितिले पन्ध्र दिन भित्र दफा (५) बमोजिमको कागजातहरु सहित निवेदन दिएमा कार्यपालिकाले त्यस्ता सहकारी संस्थाहरुलाई निष्कृय सहकारी संस्थाहरुको सूचिबाट हटाउन सक्नेछ।

<u>७. निष्कृय घोषणा पछिको व्यवस्थाः</u> दफा (६) बमोजिम निष्कृय घोषणा गरिएका सहकारी संस्थाहरुलाई देहाय बमोजिम कारबाही हुनेछः
क. कार्यालयको अभिलेखमा निष्कृय जनाइनेछ,
ख. निष्कृय रहेको विवरण नियामक निकायहरुमा पठाइनेछ,
ग. सहकारी संस्थाको कारोबार रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाइनेछ,
घ. कारोबार गर्न रोक लगाइनेछ,
ङ. आवश्यकता अनुसार खारेजी गर्न सकिनेछ।

<u>८.व्याख्याः</u>(१)यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।कार्यविधिको कुनै प्रावधानहरुसंविधान, सङ्घीय सरकार तथा प्रदेश सरकारका कानूनसँगबाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(२)यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित सहकारी कानुन बमोजिम हुनेछ।

**९. संशोधनः** (१) कार्यपालिकाले यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र